# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
## INTERNATIONAL NEPALI LITERARY SOCIETY (INLS)
## BOARD OF TRUSTEES (BOT)

उपस्थिति : गीता खत्री, पदम विश्वकर्मा, पुरु सुवेदी, शिव लामिछाने, राम लामा, प्रा. डा. गोपी उप्रेती, तीर्थ अधिकारी

प्रमुख सल्लाहकार : डा. श्याम कार्की

आमन्त्रित अतिथि : राधेश्याम लेकाली

**छलफलका लागि राखिएका विषयहरू**

क. पुरस्कार समितिका पछिल्ला प्रगति विवरण र पुस्तक दर्ताका लागि सूचना प्रवाहको समयसीमाबारे ।

ख. अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारको दीर्घकालीन व्यवस्थापनका लागि एक मार्गनिर्देशिका तयार गर्नेबारे ।

ग. अनेसासको केन्द्रीय कार्यालयका लागि जमीन खरिद गर्ने समितिको गठनबारे ।

**छलफल र निर्णयहरूः**

१. अध्यक्ष गीता खत्रीले साँझ ८:३० मा बैठक शुरु गर्नुभयो ।

२. सचिव शिव लामिछानेले कार्यसमितिका पदाधिकारीहरूको उपस्थितिबारे अध्यक्षलाई जानकारी गराउँदै कार्यसमितिका पदाधिकारीहरूको शतप्रतिशत उपस्थिति रहेकाले बैठक अघि बढाउन अनुरोध गर्नुभयो ।

३. अध्यक्ष गीता खत्रीले सचिव लामिछानेलाई अघिल्लो बैठकको निर्णय लेखनलाई आजको बैठकमा समीक्षा र सुधारका लागि प्रस्तुत गर्न समय दिनुभएपछि सचिवले निर्णय लेखन प्रस्तुत गर्नुभयो । बैठकमा सहभागीहरूबाट सुधारका लागि कुनै सुझाव नआएपछि अध्यक्षले जनवरी ५, २०१९ मा बसेको बैठकको निर्णयलाई पारित गर्न बैठकमा प्रस्ताव गर्नुभयो । सो प्रस्तावलाई उपाध्यक्ष पुरु सुवेदीले समर्थन गर्नुभयो र बाँकी सबै सदस्यहरूको स्वीकृतिपछि सर्वसम्मतिले पारित भयो ।

४. विशेष प्रतिवेदनका लागि अध्यक्ष गीता खत्रीले उपाध्यक्षद्वय पुरु सुवेदी र पदम विश्वकर्मा, सचिव शिव लामिछाने, कोषाध्यक्ष राम लामा, पुरस्कार समिति अध्यक्ष प्रा. डा. गोपी उप्रेती र सदस्य तीर्थ अधिकारीलाई समय दिनुभयो ।

**उपाध्यक्ष पुरु सुवेदीले** बेलायतले आयोजना गर्न लागेको अनेसास सम्मेलनका लागि प्रोत्साहनस्वरुप बोर्ड अफ ट्रस्टी कार्यसमितिले धन्यवाद पत्र पठाउन प्रस्ताव गर्नुभयो । वहाँले सो सम्मेलनमा बोर्ड अफ ट्रस्टीबाट यथासम्भव धेरै जनाको सहभागिता हुनुपर्ने प्रस्ताव राख्नुभयो । साथै वहाँले अनेसास साउदी च्याप्टरको नयाँ कार्यसमितिलाई बधाई र शुभकामना दिन प्रस्ताव गर्नुभयो । अनेसासको वेभसाइटको पछिल्लो विकासबारे आफूले केन्द्रीय कार्यालयसित जानकारी मागेको भए पनि कुनै जवाफ नआएको जानकारी दिनुभयो ।  साथै वहाँले आफूले बोर्ड अफ ट्रस्टी कार्यसमितिका सबै पदाधिकारीहरूलाई बोर्ड अफ ट्रस्टीको इमेल बनाइदिएकाले कार्यालयीय पत्राचारका लागि यो इमेल प्रयोग गर्न अनुरोध गर्नुभयो ।

**उपाध्यक्ष पदम विश्वकर्मा**ले डालास च्याप्टर र काव्योत्सवको संयुक्त आयोजनामा हालै सम्पन्न मुक्तक महोत्सव भव्य भएको जानकारी दिनुभयो । सो उत्सव हरेक वर्ष हुने गरी योजना रहेकाले अनेसासले यसलाई संस्थागत गरिदेओस् भन्ने आयोजकहरूको मनसाय रहेको बताउनुभयो । पुरस्कार समितिलाई सर्वोत्कृष्ट पुस्तक पुरस्कार समुचित व्यवस्थापनका लागि मार्गनिर्देशिका बनाइएकोले पुरस्कार समितिले त्यसलाई सुधार गरी बोर्ड अफ कार्यसमितिको बैठकमा ल्याई अनुमोदन गराएर कार्यन्वयन गरोस् भनी प्रस्ताव गर्नुभयो ।

**सचिव शिव लामिछाने**ले गएको जनवरी महिनामा पुरस्कार समितिको बैठक तीन पटक बसी महत्वपूर्ण निर्णयहरू भएको र ती निर्णयहरू आजको कार्यसमितिको बैठकबाट अनुमोदनका लागि पुरस्कार समितिका अध्यक्ष  प्रा.डा. गोपी उप्रेतीले प्रस्तुत गर्नुहुने बताउनुभयो ।

**कोषाध्यक्ष राम लामा :** पुरु सुवेदी र पदम विश्वकर्माले राख्नुभएको कुराहरूमा आफ्नो समर्थन रहेको बताउनुभयो । वहाँले अनेसासमा अनुशासन समिति गठन गर्न प्रस्ताव गर्नुभयो ।

**सदस्य तीर्थ अधिकारी :** वहाँले यसअघिका कुराहरूमा आफ्नो पूर्ण समर्थन रहेको र आफ्नो विशेष केही नरहेको बताउनुभयो ।

**पुरस्कार समिति अध्यक्ष प्रा. डा. गोपी उप्रेती:** प्रा. डा. उप्रेतीले पुरस्कार समितिको बैठक गएको जनवरी महिनामा तीनपटक बसेको र तपसिलका निर्णयहरू गरी बोर्ड अफ ट्रस्टीज कार्यसमितिको अनुमोदनपछि तिनको अविलम्ब कार्यन्वयन गरिने बताउनुभयो :

क. जनवरी ११, २०१९ मा बसेको पुरस्कार समितिको पूर्ण बैठकले अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारका लागि पुस्तक दर्ता गर्न संसारभरिका लेखकलाई आगामी फरवरी २८ भित्रमा अनेसास केन्द्रीय कार्यालय वासिङटन डीसीमा आइपुग्ने गरी पुस्तक दर्ता गर्न सामाजिक सञ्जाल र वेभपत्रिकाहरूमा व्यापक सूचना पठाउने निर्णय गर्‍यो ।

   यसका लागि अमेरिकामा पुरस्कार समितिका अध्यक्ष र बोर्ड अफ ट्रस्टीज कार्यसमितिका सचिवको घर ठेगानामा पुस्तक मगाउने, नेपालको हकमा नेपाल च्याप्टरमा फरबरी २१ सम्ममा पुस्तक संकलन गरी अमेरिका पठाउन व्यवस्था गर्ने निर्णय बैठकले गर्‍यो । साथै नेपालमा संकलन भएका सबै पुस्तकहरू सीधै अमेरिका आएरमात्र मूल्याङ्कनमा पठाइने निर्णय पनि बैठकले गर्‍यो ।

ख. जनवरी १८, २०१९ मा भएको पुरस्कार समितिको दोस्रो पूर्ण बैठकले देहायका निर्णयहरू गऱ्यो :

अ. विद्यमान पुरस्कारको रकम बढाई न्युनतमा ५०० डलर पुऱ्याउने । यसका लागि हालसम्मका पुरस्कारदातालाई समितिको पछिल्लो निर्णयबारे जानकारीसहितको अनुरोधपत्र पठाउने ।

आ. तपसिलका बिधामा पुरस्कारको व्यवस्था गरी यसैका आधारमा प्राप्त पुस्तकहरूको मूल्यांकन गरी विधागत रुपमा सर्वोत्कृष्ट पुस्तक छनौट गर्न मूल्याङ्कन समितिलाई निर्देशन दिने ।

| | |
|---|---|
| अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार | १५०० डलर |
| अनेसास सर्वोत्कृष्ट डायस्पोरा प्रतिभा पुरस्कार | ११०० डलर |
| अनेसास सर्वोत्कृष्ट कविता/काव्य पुरस्कार | १००० डलर |
| अनेसास सर्वोत्कृष्ट कथा पुरस्कार | १००० डलर |
| अनेसास सर्वोत्कृष्ट उपन्यास पुरस्कार | १००० डलर |
| अनेसास सर्वोत्कृष्ट निबन्ध/नियात्रा/ संस्मरण पुरस्कार | १००० डलर |
| अनेसास सर्वोत्कृष्ट गीत/गजल/ मुक्तक/हाइकु पुरस्कार | ५०० डलर |
| अनेसास सर्वोत्कृष्ट संस्कृति/दर्शन/ समालोचना पुरस्कार | ५०० डलर |
| अनेसास सर्वोत्कृष्ट बालसाहित्य पुरस्कार | ५०० डलर |

इ. बैठकले सर्वोत्कृष्ट पुस्तक पुरस्कारका लागि विश्वभरका लेखकहरूबाट दर्ता भएका सबै किताबहरू फरबरी २८, २०१९ भित्र अनेसासको केन्द्रीय कार्यालय वासिङ्टन डी.सी. मा आइपुग्ने गरी सबै देशमा रहेका च्याप्टरहरूलाई पनि अनुरोध गर्ने ।

ई. बैठकले पुरस्कारका सौजन्यकर्ता वा संस्थापकहरूलाई पुरस्कार वितरण समारोहमा निमन्त्रणा गरी विशेष सम्मानपत्रबाट सम्मानित गर्ने ।

ख. जनवरी २५, २०१९ मा भएको पुरस्कार समितिको तेस्रो पूर्ण बैठकले देहायका निर्णयहरू गऱ्यो :

अ. विद्यमान पुरस्कारहरूको अवस्था र भविष्यमा समितिले पुरस्कारलाई व्यवस्थित गर्न केकस्ता कार्यहरू गर्नुपर्छ भनेर रायसुझाव लिई अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार व्यवस्थापन निर्देशिका तयार गर्नका लागि आठ

बुँदै प्रश्नावलीहरू सबै ट्रस्टी सदस्यहरूलाई इमेलबाट पठाउने र तिनै सुझावका आधारमा निर्देशिका तयार गरी कार्यन्वयन गर्न बोर्ड अफ ट्रस्टीज कार्यसमितिको बैठकबाट अनुमोदन गराउने ।

कार्यसमितिको बैठकबाट अनुमोदन गराउन कार्यसमितिमा प्रस्तुत गर्न भनी पुरस्कार समितिका विभिन्न तीन बैठकमा भएका उल्लिखित निर्णयहरूमाथि आवश्यक परेका विषयमा छलफल गरी अनुमोदनका लागि समितिका अध्यक्ष प्रा. डा. गोपी उप्रेतीले कार्यसमितिको बैठकमा प्रस्ताव गर्नुभयो ।

**अनेसास केन्द्रीय अध्यक्ष राधेश्याम लेकाली**ले पुरस्कार समितिका अध्यक्षको अनुरोधमा नेपाल च्याप्टरले नेपालका लेखकहरूबाट पुस्तकहरू संकलन गरिरहेको बताउनुभयो । वहाँले अनेसासको छैठौं अन्तर्राष्ट्रिय सम्मेलन बेलायतमा हुने निर्णय गरिएको जानकारी गराउनुभयो ।

५. बैठकमा पुरस्कार समितिले गरेका उपर्युक्त निर्णयमा छलफ हुँदा तपसिलका विषयहरू उठे-

**उपाध्यक्ष पुरु सुवेदी**ले हाल पुरस्कार समितिले गरेको निर्णयमा पुरस्कारलाई स्थायित्व दिने के योजना छ भनेर प्रश्न गर्नुभयो । वहाँले हाल भएका २०० डलका पुरस्कारलाई कसरी न्युनतम ५०० डलरमा समायोजन गरिने हो र भइरहेका पुरस्कारदाताहरूलाई कसरी सम्बोधन गरिने हो भन्ने कुरा खुल्नुपर्ने कुरामा प्रश्न गर्नुभयो ।

**उपाध्यक्ष पदम विश्वकर्मा**ले पुरस्कार लागि मार्ग निर्देशिका भनेको एक नीति हो । यसकै आधारमा हरेक कार्यसमितिले पुरस्कारलाई व्यवस्थापन गर्न यसले सहज बनाउने हुँदा यसको सैद्धान्तिकपक्षलाई गहन रुमपा महत्व दिनुपर्ने हुँदा आफूले यो विषय उठाएको बताउनुभयो ।

वहाँले हाल भइरहेका पुरस्कारदाताहरूलाई सोधेर उनीहरूलाई पहिलो प्राथमिकता दिनुपर्ने कुरा उठाउनुभयो । पुरस्कार समितिले पुरस्कारका सौजन्यकर्ताहरूलाई दीर्घकालीन दाताका रुपमा स्थापित गर्न आकर्षण र उत्पेरणा दिई अनुरोध गर्नुपर्ने बताउनुभयो ।

वहाँले अनेसासमा राखिने पुरस्कारहरूमा पुरस्कारदाताहरूको नाम नजोड्नु राम्रो हुने सुझाव आएको बताउनुभयो ।

कोषाध्यक्ष राम लामाले अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार र अनेसास सर्वोत्कृष्ट डायस्पोरा पुस्तक पुरस्कारको प्रकृतिमा हुने भिन्नताबारे सोध्नुभयो ।

सचिव शिव लामिछानेले पुरस्कार समितिका सदस्यका रुपमा प्रस्ट पार्दै अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार सबैका लागि खुला हुने तर सर्वोत्कृष्ट डायस्पोरा पुस्तक पुरस्कारका लागि लेखक डायस्पोरामा बसेको हुनुपर्ने, यो पुरस्कार नेपालभित्रका

लेखकका लागि नजाने मर्म पुरस्कारमा अन्तरर्निहीत रहेको र सोबारे निर्देशिकामा प्रस्ट उल्लेख हुने बताउनुभयो ।

**अनेसास केन्द्रीय अध्यक्ष राधेश्याम लेकाली**ले अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारलाई हालको १५०० डलरबाट बढाएर २००० डलर बनाउन सके यसको गरिमा अझै बढ्ने सुझाव दिनुभयो ।

प्रमुख सल्लाहकार डा. श्याम कार्कीले रोबर्टस् नियमअनुसार बैठकलाई नियमित गर्नुपर्ने सुझाव दिनुभयो । सम्बन्धित क्षेत्रको प्रतिवेदन वा विषय प्रस्तुत गर्दा यसका प्रमुखले नै गर्नुपर्ने नियमलाई मान्नुपर्ने सल्लाह दिनुभयो । वहाँले पुरस्कारमा पुरस्कारदाताको नाम राखेर केही फरक नपर्ने बताउँदै संसारका सबै ठूला पुरस्कारहरूमा संस्थापक वा दाताको नाम रहेको सन्दर्भ प्रस्तुत गर्नुभयो । पुरस्कारको रकम बढाउने निर्णयले पुरस्कार र संस्थाको गरिमा बढ्ने बताउँदै कसैले विशेष विधामा पुरस्कार राख्छु भनेर आउँदा हालका बिधाबाहेकका अरू क्षेत्रमा पनि पुरस्कार स्थापना गर्न खुला हुनुपर्ने सुझाव दिनुभयो ।

६. उल्लिखित विषयहरूमा छलफल भए पनि पुरस्कार समितिबाट प्रस्तुत निर्णयहरू कार्यसमितिको आजको बैठकबाट अनुमोदन गरिएन । यसलाई अर्को बैठकले अनुमोदन गर्ने अध्यक्ष गीता खत्रीले बैठकमा जानकारी गराउनुभयो ।

७. आजको बैठकमा प्रस्तुत हुनुपर्ने अरू विषयहरू समयअभावका कारण प्रस्तु हुन सकेनन् । अरू सामयिक विषयमा छलफल हुन सकेन ।

८. कार्यसमितिको आगामी बैठक फरबरी १८ सोमबार बेलुका ८:३० मा हुने जानकारी गराउनुभयो ।

९. अध्यक्ष गीता खत्रीले बेलुका १०:१५ मा बैठक अन्त्य गर्नुभयो ।